# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

जडीबुटी, कवाडी तथा जीवजन्तु कर संकलनका लागि ठेक्का बन्दोवस्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सुचना ।
सूचना नं. RAT/CHITWAN/SQ/REVENUE/02/2080-081
(प्रथम पटक प्रकाशित सूचना मितिः २०८१।०३।१८)

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (घ) मा व्यवस्था भए बमोजिम नगरपालिका क्षेत्रभित्र निर्धारित मापदण्ड र दर बमोजिम आ.व.२०८१।०८२ मा कवाडी कर संकलनका लागि सिलबन्दी दरभाउपत्र बढाबढमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले मिति २०८१।०३।१८ देखि २०८१।०४।०१ गते भित्र बोलकबोल फारम दस्तुर रु.३०००।- अक्षरुपीः तीन हजार मात्र (पछि फिर्ता नहुने) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक टाँडी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. 1830100301010003 मा बुझाई सो को सकल प्रति सहित नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रहि बोलकबोल पत्र पेश गर्न ईच्छुक फर्महरुले नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, आ.व. २०७९।०८० को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी बोलकबोल पेश गर्न सकिने छ ।

२. मिति २०८१।०४।०१ गते दिनको १२:०० बजे भित्र आफैले खरिद गरेको सिलबन्दी दरभाउपत्र फाराम भरी रीतपूर्वक दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे नियमानुसार कर्मचारी प्रतिनिधी र सिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक टाँडी शाखामा रहेको धरौटी खाता नं. 1830100303000003 मा जम्मा गरेको सक्कलै भौचर वा क वर्गको बैंकबाट जारी भएको सिलबन्दी दरभाउपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बण्ड) सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ । स्वीकृत भएपछि सिलबन्दी दरभाउपत्र दाताले सम्झौता रकम एकमुष्ठ बुझाउन चाहेमा सम्झौता रकमको ५% छुट दिन सकिनेछ ।

५. कर तथा शुल्क सम्बन्धि दररेट सिलबन्दी दरभाउपत्र डकुमेन्टमा उल्लेख भए अनुसार हुनेछ ।

६. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार सिलबन्दी दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनि लिखित स्वघोषणा भएको कागजात सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

७. एक आपसमा मिलेमतो गरी सिलबन्दी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो सिलबन्दी दरभाउपत्र स्वीकृत गरिने छैन ।

८. सिलबन्दी दरभाउपत्र फाराममा रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

९. सिलबन्दी दरभाउपत्रको प्रत्येक पानामा सिलबन्दी दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनुपर्नेछ, साथै सिलबन्दी दरभाउपत्र दाताले पेश गर्ने सम्पूर्ण प्रमाणपत्रहरु नवीकरण भएको हुनुपर्ने छ ।

१०. यस ठेक्कामा अन्य शर्तहरु एवं बन्देजहरु समेत लागु हुनेछन् । सो को जानकारी सिलबन्दी दरभाउपत्र पुस्तिकाबाट हेर्न सकिनेछ ।

११. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । विस्तृत जानकारीका लागि रत्ननगर नगरपालिकाको कार्यालय, रत्ननगर, चितवनमा सम्पर्क राख्न सकिनेछ ।

| सि.नं. | सूचना नं. | विवरण | न्यूनतम कबोल अंक (मु.अ.कर सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | RAT/CHITWAN/SQ/REVENUE/02/2080-081 | जडीबुटी, कवाडी तथा जीवजन्तु कर संकलन | १५,७२,०००।- (पन्ध्र लाख बहत्तर हजार मात्र ) | दरभाउपत्रदाताले कबोल गरेको अंकको ५% | |

प्रमुख प्रशासकीय अधिकृत

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत